# शिक्षा (आठौं संशोधन) नियमावली, २०७१

**नेपाल राजपत्रमा प्रकाशित मिति**

**२०७१।१।२९**

**प्रस्तावना** : शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "शिक्षा (आठौं संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा नियमावली, २०५९ को नियम ४३ मा संशोधन** : शिक्षा नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४३ को उपनियम (१) को खण्ड (ट) मा रहेका "एक वर्ष" भन्ने शब्दहरुको सट्टा "छ महिना" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ९७क. मा संशोधन** : मूल नियमावलीको नियम ९७क. मा रहेका "२०७० साल चैत्र मसान्तसम्म" भन्ने शब्दहरुको सट्टा "२०७५ साल चैत्र मसान्तसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

नेपाल कानून आयोग